गाउँपालिकाभित्रका खोला, नदिनालाहरुबाट बालुवा, गिट्टी, रोडा, ढुंगा, निकाल्ने, क्रसर उद्योग स्थापना र संचालन गर्ने प्रयोजनार्थ प्रारम्भिक बाताबरणीय परिक्षण प्रतिबेदन तयार गर्ने कार्यको कार्यशर्त बिबरण

क. सन्क्षिप्त बिबरण

| | |
|---|---|
| **काम** : गाउँपालिका क्षेत्रभित्रका खोला, नदि नालाहरुबाट बालुवा, गिट्टी, रोडा, ढुंगा निकाल्ने, क्रसर उद्योग स्थापना र संचालन गर्ने प्रयोजानार्थ प्रारम्भिक बाताबरणीय परिक्षण (IEE) प्रतिबेदन तयार गर्ने । | **सेवा प्रकृति** : परामर्श सेवा |
| **कार्यालय** : सिस्ने गाउँपालिकाको कार्यालय, रुकुम(पूर्व) | **सुपरिबेक्षक** : गाउँ कार्यापालिका, प्रमुख प्रशासकिय अधिकृत र गाउँपालिका अन्तर्गतका निकायहरु |
| **कार्य समय** : सम्झौता भएको दिनदेखि सम्झौतामा उल्लेख भए अनुसार | **सेवा अवधि** : सम्झौता भएको मितिबाट १ महिना भित्र |
| **प्रतिबेदन मेश गर्नुपर्ने निकाय** : सिस्ने गाउँपालिकाको कार्यालय, रुकुमकोट रुकुम (पुर्ब) | **मुख्य कार्य** : बाताबरण संरक्षण ऐन, २०५३ र बाताबरण संरक्षण नियमावली, २०५४ मा उल्लेख भए अनुसारको नगरपालिका क्षेत्रभित्रका खोला, नदिनालाहरुबाट बालुवा, गिट्टी, रोडा, ढुंगा निकाल्ने, क्रसर उद्योग स्थापना र संचालन गर्ने । |

उद्देश्यहरु :

- दिगो विकासको अवधारणा अनुसार विकास र बाताबरणलाई एकआपसमा आन्तारिकरण गर्नु ।
- आयोजना निर्माण पूर्व प्रारम्भिक बाताबरणीय परिक्षण एबम् प्रभाव मुल्यांकन गरी विकासलाई दिगो, भरपर्दो, विश्वसनीय तुल्याई सम्बन्धित सरोकारवाला जनताको अपनत्व कायम गर्नु ।

ख. कार्य बिबरणहरु

परामर्शदाताले गर्ने कार्यहरु निम्नानुसार हुनेछन् ।

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सूचक | सुचकको स्रोत |
|---|---|---|
| • बाताबरण संरक्षण ऐन २०५३ र बाताबरण संरक्षण नियमावली, २०५४ मा उल्लेख भए अनुसारको गाउँपालिका क्षेत्रभित्रका खोला, नदिनालाहरुबाट बालुवा, गिट्टी, रोडा, ढुंगा, निकाल्ने, क्रसर उद्योग स्थापना र संचालन गर्ने । | • प्रारम्भिक बातावरणीय परिक्षण वा बातावरणीय प्रभाव मुल्यांकनको लागि कार्यसुची स्वीकृत भएको ।<br>• प्रारम्भिक बातावरणीय परिक्षण प्रतिबेदन तयार भई स्वीकृत भएको ।<br>• परामर्शदाताको ज्ञान तथा सिप र दक्षता गाउँपालिकामा कार्यरत प्राबिधिक | • स्थानीय तहका प्रणालीहरुको संचालन र प्रतिबेदन ।<br>• गाउँपालिकाका विभिन्न निकायले गरेका अनुगमन तथा मुल्यांकन ।<br>• सम्बन्धित फाँटका कर्माचारीहरुको कार्यसम्पादन स्तरको मापन । |

बिमला रोका श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

| | | |
|---|---|---|
| | कर्मचारीहरुमा हस्तान्तरण भएको । | |

ग. कार्यबिबरण लक्ष्य तथा उद्देश्य पुरागर्न आवश्यक क्षमता तथा श्रोतसाधनहरु

| सिप तथा क्षमता | श्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा बाताबरण |
|---|---|---|
| • सुचना तथा संचार प्रविधिमा दक्षता ।<br>• प्रारम्भिक बाताबरणीय परिक्षण वा प्रभाव मुल्यांकन सम्बन्धमा परामर्शदाताको कम्तिमा एक बर्षको अनुभव र कार्यसम्पादन स्तर । | • गाउँ पालिकाले परामर्शदाताले एकमुष्ट दरको आधारमा पेश गरेको आर्थिक प्रस्ताव बमोजिमको रकम उपलब्ध गराउनेछ । यसका अतिरिक्त परामर्शदातासँग कार्य सम्पादन गर्न न्युनतम देहायेका श्रोत साधन तथा उपकरण आवश्यक पर्नेछन् :<br>➢ ल्यापटप, कम्प्युटर लगायतका सामग्रीहरु<br>➢ दक्ष जनशक्ति तथा अन्य सहयोगी जनशक्ति<br>➢ बातावरणीय परिक्षणको लागि आवश्यक पर्ने सम्पूर्ण प्राबिधिक उपकरणहरु | • कार्यक्रम सम्बन्धमा आधारभूत एंव अन्य बिषयगत तालिम, अभिमुखीकरण<br>• सन्दर्भसामग्रीहरुको उपलब्धता- नीतिगत दस्ताबेजहरु, कार्यक्रम दस्ताबेज र कार्ययोजना आदि<br>• अनुभव आदान प्रदान र सिकाईएको अवसर<br>• उपयुक्त कार्य बाताबरण (सुचनामा पहुँच, अन्तरसम्बन्धको बिकास, उत्प्रेरणा आदि) |

➢ परामर्शदाताले सम्झौता भएको मितिले एक महिनाभित्र माथि उल्लेखित सम्पूर्ण कार्यहरु सम्पन्न गरी गाउँ पालिकामा स्वीकृत प्रतिवेदन पेश गरीसक्नु पर्नेछ ।

➢ गाउँपालिकाले परामर्शदाताको लागि आवश्यक पर्ने गाउँपालिकामा उपलब्ध भएसम्मका एबम उपलब्ध गराउन मिल्ने खालका सुचनाहरु उपलब्ध गराउनेछ ।

➢ माथि उल्लेखित कार्यहरु गर्न गाउँपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुबिधा एबम् उपलब्ध गरौं मिल्ने खालका सुचनाहरु गराउनेछ ।

२०७८।०४।१५

विमला रोका श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-१

| क.स. | बिबरण | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | सानोभेरी नदिबाट बालुवा उत्खनन् तथा निकासी | वडा नं. २,३,४,६,७ र ८ | |
| २. | क्रसर उद्योग स्थापना र संचालन | वडा नं. ६ | |

विमला रोका श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत